नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं. २०७७ । ०७८

मितिः २०७७ जेठ ४ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

# नेपाल बार एशोसिएशनद्धारा जारी गरिएको प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षण र प्रवर्धनको पक्षमा सदा क्रियाशील रही आएको छ। उल्लेखित कुनै पनि विषयमा कहिँ कतैबाट जुनसुकै रूपमा पुर्याएको वा पुर्याइने दखल, हस्तक्षेपको हामी खुलेर विरोध गर्दछौं । सोका लागि समय-समयमा नेबाएले गर्दै आएका आन्दोलन, विरोध तथा सुझावहरु सबैका साम् छर्लङ्ग नै छन् ।

कोरोनो भाईरस COVID-19 को महामारीको त्रास र लामो समयदेखिको बन्दाबन्दिको कारण सर्वसाधारण नागरिक, विभिन्न पेशा व्यवसायी समेत सबैको जनजीवन कष्टकर बन्दै गईरहेको छ । यो महामारी नियन्त्रणका लागि सरकारले विभिन्न उपायहरु अवलम्न गरिरहेको हुँदा पनि त्यसले अपेक्षित परिणाम हासील गर्न सकेको छैन । खासगरि लकडाउन अवधिमा अत्यावश्यक कामका लागि भनि वितरण गरिएका सवारी पासको चरम दुरुपयोग र सिमाक्षेत्रका मुख्य मार्गहरुमा धेरै कडाई गरी आवत जावत रोक्ने प्रयास राम्रो भएता पनि त्यसले झन विकराल स्थिति देखा परेको छ । सिमा क्षेत्रमा दिनहुं सयौंको संख्यामा आएका नागरिकलाई सोही क्षेत्रमा नै जाँच परीक्षण गरि अभिलेख राखी आवश्यकता अनुसार क्वारेन्टाईनमा राख्ने वा घर पठाउने निर्णय लिई आवागमनमा सहज बनाउन श्रेयकर हुने देखिएको छ । अन्यथा अन्य बैकल्पिक उपाय अवलम्बन गरी लुकिछिपि घर गाउँमा प्रवेश गर्दा संक्रमणबाट जोगिने उपायमा पनि सजगता नहुने र संक्रमण फैलिने डर लाग्दो अवस्था देखा परेको छ । अदालत लगायत केहि अत्यावश्यक सेवा प्रदान गर्ने निकाय सम्बद्ध अधिकारी वा सेवाग्राहीहरु पनि संक्रमणमा पर्ने खतरा बढ्दो छ । अतः नेपाल बार एशोसिएशन संक्रमण नियन्त्रण गर्न तत्काल निम्न कदम चाल्नका लागि नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।

(१) सिमा क्षेत्रमा आएका नेपाली नागरिकहरु सिमा क्षेत्रमा नै रहँदा विविध समस्या परेको र स्वदेश आउन रोक्दा नियमित मार्ग नभई अन्य मार्गबाट असुरक्षित रुपमा सुरक्षा निकायको आँखा छली आफ्नो घर गाउँमा जाँदा संक्रमण झन फैलावट हुने सम्भावना रहेकोले सिमानामा आएकै अवस्थामा अभिलेख राखी आवश्यक पर्ने सम्पूर्ण जाँच परीक्षण गरी आवश्यकता अनुसार क्वारेन्टाईन वा घरमा पठाउने व्यवस्था तत्काल गरियोस् ।

# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फयाक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org


प.सं. २०७७ । ०७८

मितिः २०७७ जेठ ४ गते ।


केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी


(२) यस अघि वितरित सवारी पास तथा एम्बुलेन्स र खाद्यान्न ढुवानी गर्ने ट्रक तथा कन्टेनर समेतको दुरुपयोग गरी मानिसहरु ओसार पसार गरेको पाईएको र यसबाट पासवालले अनुचित लाभ लिएको तथा संक्रमित व्यक्ति समेत लिई हिंडेको देखिएकोले सवारी पास वितरण अनुगमनमा कडाई गर्न र गलत गरेको थाहा पाईएमा तत्काल कानूनी कारवाही गर्न गराउन जोडदार माग गर्दछौं ।

(३) देशभरिका अदालत आंशिक रुपमा खुलेको हुँदा सेवा प्रवाहमा प्रहरी, सरकारी वकिल तथा कर्मचारी, कानून व्यवसायी, न्यायाधीशहरु नियति अदालत आउ-जाउ गर्न असहज भईरहेको अवस्थामा पनि सेवा प्रवाह गरिरहनु परेको अवस्थामा संक्रमणको जोखिम उच्च रहेको देखिँदा सम्बन्धित प्रहरी, कर्मचारी, सरकारी वकिल, कानून व्यवसायी, न्यायाधीश सबैको अनिवार्य पिसीआर परीक्षण गर्न गराउन जोडदार माग गर्दछौं ।

(४) बन्दाबन्दिको समयमा पनि सबै अदालतहरुमा आंशिक रुपमा काम, कारवाही निरन्तर रुपमा सुचारु भईरहेको सर्न्दभमा कानून व्यवसायीलाई अदालतसम्म आउन जानका लागि नेपाल कानून व्यवसायी परिषद्द्धारा जारी परिचय पत्रलाई नै आवात जावत गर्नका लागि पासको रुपमा लिई सहज वातावरण मिलाउन आवश्यक पहल गर्नका लगि नेपाल कानून व्यवसायी परिषद् र नेपाल सरकारसँग माग गर्दछौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव